

**बूढीगण्डकीको लेदो बाढी** : बूढीगण्डकीको लेदो बाढीको दृश्य। वर्षा बेगर भएको यो बाढीले गोरखालगायतका ठाउँमा ठूलो भौतिक क्षति गरेको छ र, केही वेपत्ता छन्। बूढीगण्डकीको उपल्लो क्षेत्रमा बाढी आउने खालको पानी परेको रेकर्ड नभएकाले विज्ञहरुले हिमपहिरो वा सुक्खा पहिरोले बहाव थुनिएर बाढीको रुप लिएको हुनसक्ने प्रारम्भिक अनुमान गरेका छन्।

# डाउनटाउनको आँखा शिविर




**विराटनगर (न्यू सृष्टि दैनिक)-** रोटरी क्लब अफ विराटनगर डाउनटाउनले विराटनगर-१२ स्थित श्री बखरी आधारभूत विद्यालयमा निःशुल्क आँखा जाँच शिविर गरेको छ। विद्यार्थी, अभिभावक तथा स्थानीय २८४ जनाको उपचार गरिएको अध्यक्ष सरिता गोल्छाले जानकारी दिइन।

१०९ विद्यार्थी, १७५ अभिभावक र स्थानीय समुदायको उपचार गरिएको हो। शिविरमा ३८ जनालाई पढ्नका लागि चस्मा वितरण गरिएको थियो।

१९ जनामा मोतिबिन्दुको शल्यक्रिया आवश्यक पर्ने पहिचान गरिएको थियो। आँखाको नियमित परीक्षणको महत्वबारे जनचेतना फैलाउनुका साथै दृष्टिसम्बन्धी समस्याको समयमै पहिचान र उपचारमा पहुँच बढाउन शिविरले महत्वपूर्ण योगदान पुऱ्याएको छ।

समुदायको स्वास्थ्य प्रवर्द्धन, रोगको समयमै पहिचान तथा गुणस्तरीय जीवनयापनमा सहयोग पुऱ्याउने उद्देश्यसहित सञ्चालन गरिएको कार्यक्रमले डाउनटाउनको जनस्वास्थ्य तथा सामुदायिक सेवाप्रतिको प्रतिबद्धतालाई उजागर गरेको छ।

# स्वस्तिकको उत्पादनको चौतर्फी प्रशंसा




**विराटनगर (न्यू सृष्टि दैनिक)-** 'कृषि उपजलाई बढाउ, देशलाई आत्मनिर्भर बनाउ' भन्ने सन्देश बोकेको इटहरी-१३ को खनारस्थित स्वस्तिक फ्लोर मिल प्रा.लिका उत्पादनले चौतर्फी प्रशंसा बटुल्दै लगेको छ।

विराट ट्रेड फेयर-२०८३ को स्टल नं. १२ मा रहेको स्वस्तिकका विभिन्न उत्पादनले उपभोक्तालाई लोभ्याएर लठ्ठै बनाएको छ। स्टलमा उपभोक्ताको बाक्लो घुइचो लाग्ने गरेको छ। स्वस्तिका ब्राण्डको ताजा सम्पूर्ण गहुँको चक्कीआटा, मैदा, सुजी लगायतका खाद्य सामग्री स्वस्तिकले उत्पादन गर्दै आएको छ।

बजारसम्म ल्याइपुऱ्याउनु अघि स्वस्तिकका उत्पादनले विभिन्न खरो चरण पार गर्ने गर्दछ। स्वाद र स्वरूपलाई कायम राख्न सबैभन्दा उत्तम गहुँको छनोट गरी सावधानीपूर्वक सफाई गरिन्छ। आधुनिकतम प्रविधिद्वारा सटिकतापूर्ण पिसिने भएकोले स्वस्तिका आटाको गुणवत्ता सर्वोकृष्ट हुने गरेको छ। गुणस्तरमा कुनैपनि सम्झौता नगरिएकै कारणले स्वस्तिकका गहुँको आटा, मैदा र सुजी किन्न स्टलमा उपभोक्ताको तछाडमछाड हुने गरेको छ।

स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नका लागि स्वस्तिकले विभिन्न उपहार योजना समेत ल्याएको छ। स्वस्तिकको स्टलबाट २० केजीको स्वस्तिका ब्राण्डको गहुँको आटा खरिद गर्दा १ केजी मैदा र २ प्याकेट सुजी सित्तैमा पाइने गरेको छ।

१० केजीको गहुँको आटा खरिदमा १ केजी मैदा र १ प्याकेट सुजी, ५ केजी आटा खरिदमा २ प्याकेज सुजी र २ केजी खरिदमा १ प्याकेज सुजी उपभोक्तालाई सित्तैमा प्रदान गर्ने गरिएको छ। उपभोक्ता सुनिता पराजुलीले स्वस्तिकाको उत्पादन प्रयोग गर्ने व्यक्तिलाई अरू ब्राण्ड नै मन नपर्ने बताईन्। उनले आटा, मैदा र सुजीको गुणस्तरमा खोट लगाउने ठाउँ नै नभएको बताईन्।

# तरकारीको गाडीमा ५७० किलो गाँजा



**विराटनगर (न्यू सृष्टि दैनिक)-** गाँजाको कारोबार चिन्ताजनक रुपमा बढेको छ र ओसारपसारमा एकपछि अर्को अनेकन विधि प्रयोग भइरहेको छ।

पछिल्लो समय तरकारी बोक्ने गाडीमा समेत गाँजा ओसारपसार हुने गरेको छ। सुनसरीमा १ हजार किलोभन्दा बढी गाँजा तरकारीले छोपेर ल्याउँदा बरामद भएको घटना सेलाउन नपाउँदै मोरङ जहदामा ५७० किलो गाँजा सशस्त्र प्रहरीले बरामद गरेको छ।

रातको समयमा बाहिरबाट हेर्दा तरकारी देखिने र भित्र प्याक गरिएको गाँजा सीमान्त जहदा-४ रामचोकमा फेला पारिएको हो। प्र १-०१-०० च ७४२२ नम्बरको भ्यानलाई गाँजा ओसारपसार गर्न प्रयोग गरिएको छ। स्कुस र बन्दाकोपीको बीचमा लुकाएर राखिएको १९ प्लाष्टिकको पोकामा गाँजा फेला परेको हो।

एक वर्षयता झण्डै एक लाख किलो गाँजा बरामद भइसकेको छ। धनकुटा, भोजपुर, ओखलढुंगालगायतका पहाडी जिल्लामा उत्पादन भएको गाँजा अधिक मूल्य पाउने भएकाले पनि भारततर्फ तस्करी हुने गरेको छ।

# बन्दुकसहित पक्राउ

**विराटनगर (न्यू सृष्टि दैनिक)-** इलाम माईजोगमाईबाट एक थान भरुवा बन्दुकसहित एक जनालाई पक्राउ गरिएको छ।

६० वर्षीय पूर्णबहादुर देवानले भरुवा बन्दुक लुकाइछिपाई राखेको भन्ने विशेष सूचनाका आधारमा प्रहरी चौकी नाम्सालिङबाट खटिएको टोलीले उनको घर खानतलासी गर्दा घरभित्र लुकाइछिपाई राखिएको अवस्थामा एक थान भरुवा बन्दुक फेला परेपछि देवानलाई नियन्त्रणमा लिइएको हो।

पक्राउ परेका देवानको सम्बन्धमा थप अनुसन्धान भइरहेको छ।

**विराटनगर महानगरपालिकाको अनुरोध**

कर तपाईंहरूकै नगरको विकासका लागि भएकोले कर तिरौं मात्र नभई रहरले तिरौं।

**बडा दसैं २०८३ को मंगलमय शुभकामना**



नेपालीहरूको महान चाड बडादसैंको अवसरमा सबैमा मंगलमय शुभकामना...
**देवेनरा मून्दडा परिवार**
विराटनगर

**बडा दसैं २०८३ को मंगलमय शुभकामना**



नेपालीहरूको महान चाड बडादसैंको अवसरमा सबैमा मंगलमय शुभकामना...
**संजयकुमार यादव**
कला बिल्डर्स परिवार

**के तपाईं विज्ञापन गर्न चाहनु हुन्छ ?**
आफ्नो व्यापार, व्यवसाय प्रवर्द्धन गर्न चाहनु हुन्छ भने तलको ठेगानामा सम्पर्क गर्नुहोस्।
न्यू सृष्टि दैनिक
तीनपैनी चोक, विराटनगर
9842076040
9807302572

**बडा दसैं २०८३ को मंगलमय शुभकामना**



नेपालीहरूको महान चाड बडादसैंको अवसरमा सबैमा मंगलमय शुभकामना...
**हसन अन्सारी**
तथा परिवार
समाजसेवी/उद्योगी/राजनीतिज्ञ
रानी, विराटनगर

**बडा दसैं २०८३ को मंगलमय शुभकामना**



नेपालीको महान चाड बडा दसैं, तिहार र छठको अवसरमा विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारीलगायत सबैमा मंगलमय शुभकामना व्यक्त गर्दछौं।
**सन्तोष पोखरेल** (प्राचार्य)
**आदर्श माध्यमिक विद्यालय परिवार**
विराटनगर-७

**बडा दसैं २०८३ को मंगलमय शुभकामना**



नेपालीहरूको महान चाड बडादसैंको अवसरमा सबैमा मंगलमय शुभकामना...
**उत्तमराज जोशी** महासचिव
**महेशकुमार मिश्र** अध्यक्ष
**निर्माण व्यवसायी संघ विराटनगर परिवार**

बडा दशैं २०८३ को घटस्थापनाको हार्दिक मंगलमय शुभकामना



महेश सोनी
गोल्डेन ग्लोब लिकर्स प्रा. लि. बिराटनगर

## Shivasatakshi Municipality

Office of Municipal Executive
Byangdada, Jhapa
Koshi Province, Nepal

### Invitation for Quotations

1st Date of publication: 2083/06/26 (12-Oct-2026)

1. The Shivasatakshi Municipality invites ( Hardcopy) sealed quotations for the Following procurement of Works.

| Contract ID | Description of Work | Bid doc Fee | Estimated Amount Without Vat & PS | Bid Validity period | Bid Security Amount | Bid Security Validity Period | Deadline for submission of Bid | Opening Of Bid |
|---|---|---|---|---|---|---|---|---|
| SSM/SQ/ WORKS/2083 /084-02 | Construction of Blacktop Road at Prem Yamphu Ghar uttar ward no 01 ko simana samma, Shivasatakshi 02 | Nrs. 1000 | 16,73,841.37 | 45 days After Bid Opening | Nrs. 41,000 | 30 Days Beyond the Validity of Bid | 28-Oct-2026 12: hours | 28-Oct-2026 13: hours |

2. Eligible bidder can Purchase the bidding document from the office of shivasatakshi municipality, Byangdada, Jhapa and may obtain further information from Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

| 3. Information to deposit the cost of Bidding document in Bank | | Information to deposit the cost of Bid Security in Bank | |
|---|---|---|---|
| Name of Bank | Nepal Investment Mega Bank Nepal LTD | Name of Bank | Nepal Investment Mega Bank Nepal LTD |
| Acconut Name | Antarik Rajaswa Khata | Account Name | Dhaurati Khata |
| Account no. | 29601400000017 | Account no. | 29601400000048 |

4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**Chief Administrative Officer**

पब्लिकेशन्स न्यू सृष्टिद्वारा प्रकाशित तथा हंसबाहिनी प्रिन्टर्स एण्ड पब्लिकेशन प्रा.लि., विराटनगरद्वारा मुद्रित । कार्यालय मेनरोड, विराटनगर-३, फोन : ९८४९७८७२७२, ९८५२०२०७००, इमेलः nsdainik@gmail.com
अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादकः शंकर खरेल